आज मिति २०७६ साल चैत्र ८ गते धरा चुरे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय का अध्यक्ष श्री धन बहादुर रोकामगर ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा सर्वपक्षिय बैठक बसी निम्न निर्णय गरियो।

तपसिल:

गा.पा. अध्यक्ष श्री धन बहादुर रोकामगर
गा.पा. उपाध्यक्ष श्री दीपा देवी साउँद
वडा अध्यक्ष ४ नं. श्री हुकुम बहादुर बोहरा
वडा अध्यक्ष ३ नं. श्री टेक बहादुर शाह
वडा अध्यक्ष ५ नं. श्री नर बहादुर तामाङ
वडा अध्यक्ष ६ नं. श्री प्रेम बहादुर साउँद
प्रमुख प्रशासकिय अधिकृत श्री बसन्त बहादुर बोहरा
स्वास्थ्य शाखा प्रमुख श्री जयराज ओझा
ने.क.पा. प्रदेश कमिटी सदस्य श्री हरिशंकर धेनी
ने. गाउँ कार्य कमिटी अध्यक्ष श्री दान बहादुर महरा
ने.का गाउँकमिटी सभापति श्री दिल बहादुर भाट
ने.क.पा. कमिटी सदस्य श्री देवेन्द्र शाही
ने.क.पा जिल्ला कमिटी सदस्य श्री लोक बहादुर साह
" " " " श्री किसन सिंह साउँद
ने.का. गाउँकमिटी सदस्य श्री रवीन्द्र रवडायत
ने.का. गाउँ कमिटी सदस्य श्री गोपाल शाह
स.प्र. नि. श्री खेमराज जोशी (स.प्र. बल नेपाल चेरपानी)
लेखा प्रा.वि. प्र.अ. श्री केशव राज ओझा
वडा सदस्य वडा नं. ३- श्री हिक्मत सिंह भाट
शिक्षक श्री भुमि कँडेल
शिक्षक श्री मान बहादुर साउँद
स्वास्थ्य शाखा उप-प्रमुख श्री शर्मिला तिवाडी
सहजपुर स्वा. चौकी प्रमुख श्री यज्ञ बहादुर थापी
रुप मणि भट्ट
स्थानी आ.वि. सहजपुर- ३ प्र.अ. इन्द्र राज भण्डारी

गाउँ कार्यपालिका सदस्य सर्व - सदस्य
स्वास्थ्य चौकी। संस्था। ईकाई प्रमुख सर्व - सदस्य
गा.पा. स्तरिय रेडक्रस प्रतिनिधी केशव राजेन्द्र ओझा - सदस्य
समाज सेवी बाट नविन क. थापा - सदस्य
" " गोपाल थापा - सदस्य
" " दिल ब. थापा - सदस्य
" " धन ब. मगरा - सदस्य
" " किसन सिंह साउद - सदस्य
गा.पा. स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव, साथै आमन्त्रितको रुपमा स.प्र.बल नेपाल र नेपाल प्रहरीको प्रतिनिधीलाई बोलाइनेछ।

नि.नं. २- प्राकृतिक विपद् लगायत विभिन्न प्रकारका रोगहरुको महामारी नियन्त्रण, न्युनीकरण, गर्नका साथै यसबाट पर्न गएको प्रभावबाट प्रभावित समुदायको उद्धार, राहत तथा
प्रदेश सरकारको रु ३ लाख, संघीय सरकारको रु १० लाख, विपद् कोषको रु २ लाख, समपुरक कोषको रु
२५ लाख सहित व्यवस्थापन गर्ने प्रयोजनका लागी रु ४०. लाख लाख बराबर को विपद् व्यवस्थापन कोष स्थापना गर्ने निर्णय गरियो। साथै उक्त कोषको परिचालन चुरे गाउँपालिकाको कार्यालयले निर्माण गरेको विपद् व्यवस्थापन कोष सन्चालन निर्देशिका बमोजिम गर्ने निर्णय गरियो।

नि.नं. ३- चुरे गाउँपालिका क्षेत्र भित्र अत्यावश्यक वस्तु तथा सेवा बिक्री वितरणलाई सरल, सहज बनाउनका लागी गाउँपालिकाले पालिका क्षेत्र भित्र रहेका अत्यावश्यक वस्तु तथा सेवा बिक्री वितरणमा संलग्न निकाय/प्रतिष्ठान/संस्था/व्यक्तीलाई चुरे गाउँपालिकाको कार्यालयबाट नियमानुसार गाडी पास (अत्यावश्यक वस्तु आपूर्ति प्रयोजन) को व्यवस्था गर्ने निर्णय गरियो। साथै आपूर्ति गर्ने निकाय/प्रतिष्ठान/संस्था/व्यक्तीलाई तपसिल बमोजिमको समयावधि कायम गर्ने गरि पसल खुल्ला गर्न गराउन निर्देशन जारी गर्ने निर्णय गरियो।

तपसिल:
बिहान - ६:०० बजे देखि ११:०० बजे सम्म
साँझ - ४:०० बजे देखि ६:०० बजे सम्म

नि.नं. ४- चुरे गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खाद्यान्न बजारहरुमा

अवस्थित होटल व्यवसायीहरुलाई वर्तमान परिप्रेक्ष्यमा देशमा आईपरेको कोरोना संक्रमण नियन्त्रण गर्ने पवित्र उद्देश्य का लागी मदिरा बेच बिखन गर्न गराउने कार्य तत्काल प्रतिबन्ध लगाउनको लागी वडा कार्यालयहरुलाई जिम्मेवारी दिई सुचना प्रकाशित गर्ने निर्णय गरियो। साथै सो को अनुगमन को कार्य समेत वडा कार्यालयबाट गर्ने गराउने निर्णय गरियो।

नि.नं. ५- कोरोना संक्रमण नियन्त्रण, रोकथाम, तथा व्यवस्थापनका लागी नेपाल सरकारबाट जारी लक डाउन अवधिबाट गाउँपालिका क्षेत्र भित्र भविष्यमा सृजना हुन सक्ने विपद लाई मध्यनजर गरी गाउँपालिका क्षेत्र भित्र रहेका अति विपन्न परिवारहरुलाई आवश्यक राहत उपलब्ध गराउन का लागी वस्तुनिष्ठ तथ्याङ्क संकलन गर्न का लागी वडा कार्यालयहरुलाई जिम्मेवारी दिने निर्णय गरियो। साथै सो को आधारमा आधारभुत आवश्यकता परिपूर्ति गर्ने गरी गा.पा. बाट राहत प्याकेज ल्याउने निर्णय गरियो।